सङ्कल्प प्रस्तावको सूचना

श्री सचिव,
राष्ट्रिय सभा,
संघीय संसद, नेपाल।

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७९ को उपनियम (१) बमोजिम देहायको सङ्कल्प प्रस्ताव पेश गर्न अनुमतिका लागि सूचना दिएको छु।

सङ्कल्प प्रस्तावको विषय:

प्रविधिको प्रयोग गरी हुने लैङ्गिक हिंसा रोकथाम, नियन्त्रण एवं महिलाको हकको संरक्षण र न्यायमा पहुँच सुनिश्चित गर्न आवश्यक नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धमा।

सङ्कल्प प्रस्तावको बेहोरा:

नेपालको संविधानले प्रत्याभूत गरेको समानता, स्वतन्त्रता, सम्मानपूर्वक बाँच्न पाउने हक तथा महिलाको हकको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न, सूचना तथा सञ्चार प्रविधिको विकाससँगै बढ्दै गइरहेको प्रविधिको प्रयोग गरी हुने लैङ्गिक हिंसा (Technology-facilitated Gender-based Violence) लाई रोकथाम, नियन्त्रण तथा न्यूनीकरण गर्न, पीडितको संरक्षण, पुनर्स्थापना, न्यायमा पहुँच तथा क्षतिपूर्तिको सुनिश्चितता गर्न र डिजिटल माध्यममा सुरक्षित तथा मर्यादित सहभागिताको वातावरण निर्माण गर्न नेपाल सरकारले आवश्यक कानुनी, नीतिगत तथा संस्थागत व्यवस्था गरोस् भन्ने यस सङ्कल्प प्रस्तावको उद्देश्य रहेको छ।

सङ्कल्प प्रस्ताव प्रस्तुत गर्नु पर्ने कारण:

नेपालको संविधानको प्रस्तावनाले सबै प्रकारका विभेद, उत्पीडन र असमानताको अन्त्य गर्दै सामाजिक न्याय, समानता र समावेशितामा आधारित समाज निर्माण गर्ने राष्ट्रिय सङ्कल्प व्यक्त गरेको छ। संविधानको धारा १८ ले समानताको हक सुनिश्चित गरेको छ भने धारा ३८(३) ले महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा तथा शोषणलाई निषेध गर्दै त्यस्तो कार्यलाई कानूनबमोजिम दण्डनीय हुने तथा पीडितलाई क्षतिपूर्ति प्राप्त गर्ने हक सुनिश्चित गरेको छ।

नेपाल महिला माथि हुने सबै प्रकारका विभेद विरुद्धको महासन्धि (CEDAW), दिगो विकास लक्ष्य (SDGs), संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्का प्रस्ताव नं. १३२५ र १८२० लगायतका

अन्तर्राष्ट्रिय प्रतिबद्धतामा आबद्ध रहेको छ। साथै, विश्वव्यापी आवधिक समीक्षा (UPR) अन्तर्गत प्राप्त लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी सिफारिसहरूलाई समेत नेपालले स्वीकार गरेको छ।

सूचना तथा सञ्चार प्रविधिको तीव्र विकाससँगै सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म, कृत्रिम बौद्धिकता (AI), डाटा दुरुपयोग, साइबर स्टकिङ, डिपफेक, डिजिटल निगरानी, अनलाइन उत्पीडन, चरित्रहत्या तथा निजी सामग्रीको अनधिकृत प्रसारणजस्ता माध्यमबाट हुने लैङ्गिक हिंसाका नयाँ स्वरूपहरू तीव्र रूपमा वृद्धि भएका छन्। यस्ता गतिविधिले विशेषतः किशोरी, महिला, महिला पत्रकार, मानवअधिकारकर्मी, सामाजिक अभियन्ता, राजनीतिज्ञ, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका सदस्यहरू तथा सार्वजनिक जीवनमा सक्रिय महिलाहरूको सुरक्षा, सम्मान, अभिव्यक्ति स्वतन्त्रता, नेतृत्व विकास र सार्वजनिक सहभागितामा प्रतिकूल प्रभाव पारिरहेको छ।

हाल विद्यमान कानुनी व्यवस्थाले यस्ता गतिविधिलाई आंशिक रूपमा सम्बोधन गरे तापनि प्रविधिको प्रयोग गरी हुने लैङ्गिक हिंसालाई स्पष्ट रूपमा परिभाषित गर्ने, रोकथाम गर्ने, अनुसन्धान तथा अभियोजन गर्ने, पीडित संरक्षण, पुनर्स्थापना, क्षतिपूर्ति तथा पीडकलाई कानूनी कारबाहीको व्यवस्था गर्ने समग्र कानुनी तथा संस्थागत संरचना पर्याप्त रूपमा विकास हुन सकेको छैन। साथै, डिजिटल साक्षरता, जनचेतना तथा सम्बन्धित निकायहरूको क्षमता अभिवृद्धिको आवश्यकता समेत रहेको छ।

यसरी प्रविधिको प्रयोग गरी हुने लैङ्गिक हिंसाले महिलाको मानव अधिकार, संवैधानिक हक, सार्वजनिक सहभागिता तथा लोकतान्त्रिक अभ्यासमै प्रत्यक्ष असर पार्ने भएकाले यस विषयमा नेपाल सरकारलाई आवश्यक निर्देशन दिन यो सङ्कल्प प्रस्ताव प्रस्तुत गरिएको हो।

सङ्कल्पः

यो राष्ट्रिय सभा नेपाल सरकारलाई देहायबमोजिम गर्न निर्देशन गर्दछः—

१. प्रविधिको प्रयोग गरी हुने लैङ्गिक हिंसाका नयाँ तथा विकसित स्वरूपहरूलाई समेट्ने गरी प्रचलित कानुनहरूको पुनरावलोकन, संशोधन तथा परिमार्जन गर्ने।
२. प्रविधिको प्रयोग गरी हुने लैङ्गिक हिंसालाई स्पष्ट रूपमा परिभाषित गर्दै यसको रोकथाम, अनुसन्धान, अभियोजन, दण्ड व्यवस्था, पीडित संरक्षण, पुनर्स्थापना, उपचार तथा क्षतिपूर्तिसम्बन्धी प्रबन्ध समेटिएको विशेष कानुन निर्माण गर्ने।

३. विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रम र अतिरिक्त क्रियाकलापमा डिजिटल अधिकार, डिजिटल सुरक्षा, अनलाइन सुरक्षा, साइबर सचेतना तथा लैङ्गिक समानतासम्बन्धी विषय समावेश गर्ने।

४. संघ, प्रदेश तथा स्थानीय तहबाट समुदाय तथा नागरिकलाई लक्षित गरी नियमित डिजिटल साक्षरता तथा साइबर सुरक्षा अभियान सञ्चालन गर्ने।

५. पीडितमैत्री उजुरी प्रणाली, डिजिटल प्रमाण संरक्षण, कानुनी सहायता, मनोसामाजिक परामर्श तथा छिटोछरितो न्याय सम्पादनका लागि आवश्यक संस्थागत संयन्त्रको स्थापना तथा सुदृढीकरण गर्ने।

६. कानून कार्यान्वयन गर्ने निकाय, सरकारी वकिल तथा न्यायिक निकायको क्षमता अभिवृद्धि गरी प्रविधिको प्रयोग गरी हुने लैङ्गिक हिंसाको प्रभावकारी अनुसन्धान, अभियोजन तथा न्यायिक निरूपण सुनिश्चित गर्ने।

७. नेपालमा सञ्चालन हुने सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म तथा इन्टरनेट सेवा प्रदायकहरूलाई प्रविधिमार्फत हुने लैङ्गिक हिंसाजन्य सामग्रीको शीघ्र हटाउने, पीडितको गोपनीयता संरक्षण गर्ने तथा अनुसन्धानमा आवश्यक सहयोग गर्ने कानुनी दायित्व निर्धारण गर्न।

सम्बन्धित मन्त्रीः कानून, न्याय तथा संसदीय मामिला मन्त्री।

प्रस्तावकः

हस्ताक्षरः .....

नाम, थरः रेनु पाण्डे

सदस्य क्रम सङ्ख्याः ...४३.....

समर्थकः

हस्ताक्षरः .....

नाम, थरः प्रदन बहादुर परियार

सदस्य क्रम सङ्ख्याः ....२८.....

मितिः .....

समर्थकः

हस्ताक्षरः .....

नाम, थरः दोरुमणि भेन्के

सदस्य क्रम सङ्ख्याः ...४४.....

मितिः २०८३।०२।२६

समर्थक:

हस्ताक्षर:

नाम, थर: [illegible]

सदस्य क्रम सङ्ख्या: २५

समर्थक:

हस्ताक्षर:

नाम, थर: [illegible]

सदस्य क्रम सङ्ख्या: २४

समर्थक:

हस्ताक्षर:

नाम, थर: श्रीकृष्ण अधिकारी

सदस्य क्रम सङ्ख्या: ४१

समर्थक:

हस्ताक्षर:

नाम, थर: रुक्मीणी कोइराला

सदस्य क्रम सङ्ख्या: ४१

समर्थक:

हस्ताक्षर:

नाम, थर: [illegible]

सदस्य क्रम सङ्ख्या: ३१

समर्थक:

हस्ताक्षर:

नाम, थर: मकमा शर्मा

सदस्य क्रम सङ्ख्या: ३३

समर्थक:

हस्ताक्षर:

नाम, थर: सावित्री मल्ल

सदस्य क्रम सङ्ख्या: ५३

समर्थक:

हस्ताक्षर:

नाम, थर: [illegible]

सदस्य क्रम सङ्ख्या: ११

समर्थक: पुजा चौधरी

हस्ताक्षर:

नाम, थर: पुजा चौधरी

सदस्य क्रम सङ्ख्या: २५

समर्थक:

हस्ताक्षर:

नाम, थर: विष्णु कुमारी खापलेटा

सदस्य क्रम सङ्ख्या: ४८

समर्थक:

हस्ताक्षर:

नाम, थर: दुर्गा कुमारी गुरुङ

सदस्य क्रम सङ्ख्या: २२

समर्थक:

हस्ताक्षर:

नाम, थर: राजेकुमारी गौंट

सदस्य क्रम सङ्ख्या: २५

समर्थक:

हस्ताक्षर:

नाम, थर: विष्णु बहादुर मिश्रवर्मा

सदस्य क्रम सङ्ख्या: ४०

समर्थक:

हस्ताक्षर:

नाम, थर: गोमा तिमिल्सीना

सदस्य क्रम सङ्ख्या: १९

समर्थक:

हस्ताक्षर:

नाम, थर: रोमना देवकोटा

सदस्य क्रम सङ्ख्या: ४२

समर्थक:

हस्ताक्षर:

नाम, थर: विष्णु देवी पुजारेल

सदस्य क्रम सङ्ख्या: ४५